बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(शासकीय सुधार तथा समन्वय महाशाखा)

हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौंडा, नेपाल

पत्र संख्या:-०७९/८०
चलानी नम्बर:-१६२०

मितिः २०८०/०१/०८

**विषयः प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयनको अवस्था सम्बन्धमा ।**

श्री प्रदेश मन्त्रालय (सबै),
श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै),
श्री स्थानीय तह (सबै),
बागमती प्रदेश ।

प्रस्तुत विषयमा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ बमोजिम गठन भएको प्रदेश समन्वय परिषद्को मिति २०७९/१२/१२ मा बसेको तेस्रो बैठकका निर्णयहरु कार्यान्वयनका लागि यस कार्यालयबाट मिति २०७७/१२/३० को चलानी संख्या १५९० र १५९५ को पत्रहरुमार्फत् तहाँ मन्त्रालय तथा स्थानीय तहमा पठाइएको व्यहोरा विदितै छ । प्रदेश समन्वय परिषद्को आगामी चौथो बैठकमा प्रतिवेदन पेस गर्ने प्रयोजनार्थ उल्लिखित तेस्रो बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था र आगामी बैठकमा छलफल हुनुपर्ने विषयहरु Kalimati font, font size 11 मा तयारी गरी मिति २०८०/०१/१५ गते भित्र यस कार्यालयको इमेल ठेगाना govreform.planning@gmail.com मा पठाइदिनुहुन मिति २०८०/०१/०८ को माननीय मुख्यमन्त्री स्तरीय निर्णयानुसार अनुरोध छ ।

संलग्न

1. यस कार्यालयको मिति २०७७/१२/३० को चलानी संख्या १५९० र १५९५ को पत्र
2. प्रदेश समन्वय परिषद्को तेस्रो बैठकको निर्णयको छायाँप्रति (३ पाना)

(बद्री बहादुर पाठक)
उपसचिव

कार्यार्थ,
श्री सूचना तथा सञ्चार समन्वय शाखा- कार्यालयको वेबसाइटमा प्रकाशन गरिदिनुहुन ।

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बागमती प्रदेश

(शासकीय सुधार तथा समन्वय महाशाखा)

पत्र संख्या :- २०७७/०७८
चलानी नं. :- १२५०

हेटौंडा
मिति २०७७/१२/३०

विषयः- प्रदेश समन्वय परिषद्को निर्णयको कार्यन्वयन सम्बन्धमा।

श्री स्थानीय तह सबै,
बागमती प्रदेश,

उपरोक्त सम्बन्धमा संघ, प्रदेश र स्थानीय (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ को उपदफा (१) बमोजिम गठित प्रदेश समन्वय परिषदको मिति २०७७/१२/१२ मा बसेको तेस्रो बैठकबाट गरिएका संलग्न बमोजिमका निर्णयहरु कार्यान्वयनको लागि आदेशानुसार अनुरोध छ।

अमृत कुमार श्रेष्ठ
अधिकृतस्तर सातौं

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## बागमती प्रदेश

(शासकीय सुधार तथा समन्वय महाशाखा)

पत्र संख्या :- २०७७/०७८

चलानी नं. :- १५९८

हेटौंडा

मिति २०७७/१२/३०

विषय:- प्रदेश समन्वय परिषद्को निर्णयको कार्यान्वयन सम्बन्धमा।

श्री प्रदेश मन्त्रालय (सबै),
बागमती प्रदेश,

उपरोक्त सम्बन्धमा संघ, प्रदेश र स्थानीय (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ को उपदफा (१) बमोजिम गठित प्रदेश समन्वय परिषदको मिति २०७७/१२/१२ मा बसेको तेस्रो बैठकबाट गरिएका निर्णयहरु कार्यान्वयन लागि यसैसाथ संलग्न राखि पठाइएको हुँदा तहाँ मन्त्रालय मातहतका सम्पूर्ण निकायहरुमा कार्यान्वयनको लागि निर्णयको जानकारी गराउन हुन आदेशानुसार अनुरोध छ।

अमृत कुमार श्रेष्ठ
अधिकृत सातौं

O/C

## प्रदेश समन्वय परिषद्‌को तेस्रो बैठकका निर्णयहरू

१. प्रदेश समन्वय परिषद्‌को बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ पारित गर्ने ।

२. प्रदेश समन्वय परिषद्‌को पहिलो र दोस्रो बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको समीक्षा गरि कार्यन्वयन हुन बाँकी विषयहरु कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउने।

३. प्रदेशको पहिलो आवधिक योजना (२०७६।७७-२०८०।८१), दिगो विकास लक्ष्य र स्थानीय तहको आवधिक योजनामा आधारित भई प्रदेश सरकार र सबै स्थानीय तहले आगामी आर्थिक वर्ष २०७८।७९ को लागि सूचक सहितको COVID Responsive and Recovery, पूँजी निर्माण र रोजगारी सिर्जना हुने गरी तादम्यता मिलाई नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने ।

४. प्रदेश सरकारका सबै मन्त्रालय तथा निकायहरू एवं सबै स्थानीय तहहरूले आफ्नो कार्यालयको स्वीकृत दरबन्दीमा रिक्त रहेको पद माग गरी प्रदेश लोक सेवा आयोगमा लेखि पठाउने । नेपाल सरकारबाट साबिकमा स्थानीय तहको लागि स्वीकृत संगठन संरचना र दरबन्दीलाई आवश्यकता, औचित्य र कार्यबोझ विश्लेषणको आधारमा अनुकुल हुने गरी परिमार्जन तथा अध्यावधिक गर्ने ।

५. प्रदेश तथा स्थानीय तहको पदाधिकारी तथा जनशक्तिको क्षमता विकास कार्यक्रमलाई मागमा आधारित बनाउनका लागि सम्बन्धित निकायबाट तालिमको माग गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयले प्रदेश सुशासन केन्द्रसँग समन्वय गरी माग अनुसारको कार्यक्रम सञ्चालन गर्ने ।

६. स्थानीय तहले संविधानमा उल्लेखित अधिकारको साझा सूचीसँग सम्बन्धित विषयमा कानून तथा नीति बनाउँदा प्रदेश सरकारको विषयगत मन्त्रालय वा निकायसँग समन्वय र परामर्श गर्ने । स्थानीय तहले बनाएको ऐन, नियमावली तथा अन्य कानुनको एक प्रति प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा अनिवार्य रूपमा पठाउने व्यवस्था गर्ने ।

७. जिल्ला भित्रको स्थानीय तहमा संघ, प्रदेश वा स्थानीय तहले सञ्चालन गर्ने विकास निर्माणसँग सम्बन्धित कार्यहरूको समन्वय ,सहजीकरण र अनुगमन सम्बन्धित जिल्ला समन्वय समितिले गर्ने।

८. सङ्घीय सरकारबाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका वा कार्यान्वयन जिम्मेवारी प्राप्त भएका विशेष तथा समपुरक अनुदानबाट सञ्चालित आयोजनाहरूलाई प्राथमिकता दिई कार्यान्वयन गर्ने र कार्यान्वयनको प्रगति विवरण विषयगत मन्त्रालयमा नियमितरुपमा पठाउने। आगामी वर्षको आयोजना छनौट तथा बजेट बाँडफाँट गर्दा माथिल्लो तहको सरकारबाट विनियोजन भएका आयोजनाहरूमा दोहोरोपना नहुने सुनिश्चितता गर्ने।

९. प्रदेश सरकार तथा स्थानीय तहबाट पहिचान भई कार्यान्वयन योग्य र कार्यान्वयनमा रहेका आयोजनाहरू आयोजना बैंकमा सूचीकरणका लागि प्रदेश नीति तथा योजना आयोगमा पठाउने ।आयोगले आयोजना बैंक सम्बन्धमा स्पष्ट खाका बनाई सबै स्थानीय तहलाई जानकारी गराउने

१०. प्रदेश मन्त्रालय र निकायबाट स्थानीय तहमा विभिन्न शीर्षकमा गएका अनुदानबाट सञ्चालित आयोजनाहरुको अनुगमन मूल्याङ्कन गरी सम्बन्धित निकायमा नियमितरुपमा प्रतिवेदन र आर्थिक विवरणहरु पेश गर्ने। यस्तो रकम बचत भएको अवस्थामा प्रचलित कानून बमोजिम फिर्ता गर्ने गराउने ।

मुख्यमन्त्री

११. प्रदेश विपद् व्यवस्थापन कोष र कोभिड कोषबाट पठाईएको रकम एवं द्वन्द प्रभावित परिवारलाई सहयोग कार्यक्रममा पठाईएको रकम नियमानुसार खर्च गरी सोको प्रतिवेदन तैयार गर्ने र सम्वन्धित मंत्रालय/निकायमा समयमै पठाउने ।

१२. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ को उपदफा २ मा बमोजिम स्थानीय तहको आय व्ययको विवरण समावेश गरी प्रदेशले आफ्नो आय र व्ययको चौमासिक विवरण संघीय अर्थ मन्त्रालयमा पेश गर्नुपर्ने भएको हुँदा सो का लागि सबै स्थानीय तहले आफ्नो आय व्ययको चौमासिक विवरण सहितको प्रतिवेदन निर्धारित समयमा नै आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने ।

१३. स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेको वन क्षेत्र भित्रको ढुङ्गा, गिट्टी, माटो, वालुवाको परिमाण स्थानीय तहबाट ठेक्का लगाई संकलन गर्ने ।

१४. प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ ले लघु उद्यम (२० लाख सम्म स्थीर पूँजी भएको) दर्ता स्थानीय तहमा हुने र प्रदेश व्यापार व्यवसाय ऐन, २०७६ ले रु. ५ लाख सम्मको व्यापार व्यवसाय स्थानीय तहमा दर्ता हुने व्यवस्था गरेकोले सो व्यवस्था कार्यान्वयनका लागि प्रत्येक स्थानीय तहमा उद्योग शाखा/इकाई स्थापना गरी व्यापार व्यवसाय नियमन गर्ने।

१५. राती वास वसाउने होटल/मोटल/रिसोर्टहरु प्रदेश पर्यटन कार्यालयमा दर्ता गरेपश्चात मात्र स्थानीय तहमा दर्ता गर्ने ।

१६. स्थानीय सडक/स्थानीय पुर्वाधार विकासका लागि वन क्षेत्रको प्रयोग वारे व्यवस्थित योजना वनाउने । राष्ट्रिय वन क्षेत्र भित्र प्रस्तावित स्थानीय तथा प्रादेशिक योजनाहरु स्थानीय तहको भू-उपयोग योजनामा समावेश गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने व्यवस्था मिलाउने।

१७. स्थानीय तहले संकलन गरेका विभिन्न तथ्याङ्कहरु आवश्यक परेको अवस्थामा सम्बन्धित प्रदेश कार्यालयले माग गर्ने र प्रदेश तहमा तैयार पारिएको तथ्याङ्क स्थानीय तहलाई उपलब्ध गराउने। माग गरिएको तथ्याङ्क सहजै उपलब्ध हुने व्यवस्था मिलाउने।

१८. कोभिड -१९ को सङ्क्रमण बढ्न सक्ने अवस्थालाई मध्यनजर गर्दै प्रदेश र स्थानीय तहका सबै निकायहरुले स्वास्थ्य मन्त्रालयबाट जारी गरिएका जनस्वास्थ्यका मापदण्डहरु पालना गर्ने र गराउने कार्य गरी कोभिड -१९ को सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार गर्न आपसी समन्वय, सहयोग र सहकार्य गर्ने ।

१९. प्रदेश सरकार मार्फत निर्माण भई स्थानीय तहमा हस्तान्तरण भएका खेलकुद पूर्वाधारहरु रङ्गशाला, कभर्डहल र खेल मैदानहरुको उपयोग र संरक्षणको लागि स्थानीय तहले संचालन कार्यविधी बनाई लागू गर्ने ।प्रदेशले पूर्वाधार बनाउँदा सम्बन्धित स्थानीय तहको समन्वयमा निर्माण गर्ने

२०. प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भई सो मार्फत निर्माण गरिएका वा निर्माण हुने अस्पताल/स्वास्थ्य संस्था सम्बन्धी संरचनाहरु संघ र प्रदेश सरकारले तयार गरेको मापदण्ड बमोजिम निर्माण तथा सञ्चालन गर्ने।

२१. राष्ट्रिय जनगणना २०७८ र राष्ट्रिय कृषि गणना, २०७८ सफल बनाउन सबै जिल्ला समन्वय समिति र स्थानीय तहहरूले आवश्यक सहयोग गर्ने ।

मुख्यमन्त्री

२२. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २५ को उपदफा (३) बमोजिम राष्ट्रिय समन्वय परिषद्मा छलफलका लागि देहायका विषयहरु खुलाई अनुरोध गर्ने,-

(क) संघीय निजामति सेवा ऐनको अभावमा प्रदेश निजामती सेवा र स्थानीय सेवा सम्वन्धी कानून बनाउन नसक्दा समग्र कर्मचारी व्यवस्थापन र कार्यसम्पादन प्रभावित भएकोले तत्काल संघीय निजामती सेवा ऐन जारी गर्नुपर्ने ।

(ख) प्रदेश लोक सेवा आयोगबाट प्रदेश र स्थानीय तहमा रिक्त रहेको दरबन्दीमा पदपूर्ति गर्ने प्रक्रियाको थालनी भईसकेको अवस्थामा हालसम्म समेत संघले समायोजन संशोधन गरी यस प्रदेशमा कर्मचारी पठाइरहँदा रिक्त दरबन्दीमा पदपूर्ति गर्न अन्यौलता सिर्जना भएको हुँदा समायोजन संशोधन सम्वन्धी कार्यलाई स्थगित गर्नुपर्ने ।

(ग) प्रदेशमा प्रहरी समायोजन भए पश्चात केही वर्षसम्म सम्पूर्ण आर्थिक, भौतिक दायित्व संघीय सरकारले ब्यहोर्नुपर्ने ।

(घ) संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत विपद् ब्यवस्थापन एवं राहत तथा पुनर्स्थापनाको विषयमा समन्वय एवं एकरुपता हुनुपर्ने ।

(ङ) प्रदेश सरकार र स्थानीय तहको प्रशासनिक संरचना निर्माण तथा विकास निर्माणका आयोजनाहरु का लागि आवश्यक पर्ने सरकारी, सार्वजनिक, पर्ति एवं नदि उकासका जग्गा सरल सहज रुपमा उपयोग गर्ने व्यवस्था हुनु पर्ने ।

(च) प्रदेश सरकार र स्थानीय तहमा हस्तान्तरित आयोजनाहरुमा न्यून बजेट विनियोजन भएको कारण सम्झौता अवधि सम्पन्न भईसक्दा भुक्तानी नभई वा ठेक्का सम्झौताका अन्य प्रावधानका कारण सिर्जित दायित्वहरुलाई सम्पन्न गर्न प्राथमिकताका साथ आवश्यक बजेट विनियोजन हुनुपर्ने र म्याद थपको लागि संघबाट नीतिगत निर्णय हुन पर्ने।

(छ) संघीय सशर्त आयोजनाहरुको बजेट क्षेत्रगत रुपमा तोकी एकमुष्ट बजेट विनियोजन भई बाँडफाट र आन्तरिक कार्यक्रम संशोधन सम्बन्धी अधिकार प्रदेश सरकारलाई नै दिने व्यवस्था मिलाउनु पर्ने।

(ज) प्रदेश सरकार र स्थानीय तहमा हस्तान्तरण भई कार्यान्वयनमा रहेका आयोजनाहरुमा संघीय सरकारबाट पुनः बजेट विनियोजन हुँदा दोहोरोपना भई कार्यान्वयनमा अन्यौलता उत्पन्न भएकोले प्रदेश सरकारको क्षेत्राधिकार भित्र रहेका संघीय सरकारबाट हस्तान्तरित आयोजनाहरुमा प्रदेश सरकार र स्थानीय तहले नै कार्यान्वयन गर्ने गरी संघीय सशर्तमा बजेटको व्यवस्था हुनु पर्ने।

(झ) प्रदेश सरकारको एकल अधिकार सूचीमा रहेको यातायात व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन प्रदेश सरकारलाई संघीय सरकारबाट समन्वय तथा सहयोगका साथै हाल संचालनमा रहेका सफ्टवेयरहरु (EDLVRS, VRS), सवारी अनुमतिपत्र प्रिन्टिङ्ग तथा अन्य उपकरणहरु प्रदेश सरकारमा हस्तान्तरण हुनु पर्ने ।

२३. प्रदेश समन्वय परिषद्को तेश्रो बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाको समीक्षा स्थानीय तहको हकमा सम्बन्धित जिल्ला समन्वय समिति र प्रदेशको हकमा प्रदेश समन्वय परिषद्को सचिवालयले गरी सो को प्रतिवेदन प्रदेश समन्वय परिषद्को सचिवालय पेश गर्ने । सचिवालयले निर्णय कार्यान्वयनको प्रगति प्रतिवेदन तयार गरी परिषद्को आगामी बैठकमा पेश गर्ने ।

मुख्यमन्त्री